## बैढक सञ्चालन कार्यबिधि २०७४

अनुसुची १

बुदा नं १२.२ सँग सम्बन्धित

बैठक सङ्ख्या: ६४ मिति:२०७८।०३।०८ गते मंगलवार

अध्यक्षता: बीर बहादुर घर्ती स्थान:थवाङ गाउँपालिकाको कार्यालय

कार्यापालिकाको पदाधिकारीहरु: समय:बेलुकी ५ बजे

| क स | हस्ताक्षर | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री बीर बहादुर घर्ती | अध्यक्ष |
| २ | | श्री रामकिरणी रोका | उपाध्यक्ष |
| ३ | | श्री रेवत बहादुर बुढाथोकी | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | | श्री जनक बहादुर बुढामगर | १ नं वडा अध्यक्ष |
| ५ | | श्री बसन्त रोका | २ नं वडा अध्यक्ष |
| ६ | | श्री भिम बहादुर रोका | ३ नं वडा अध्यक्ष |
| ७ | | श्री उदिम घर्ती | ४ नं वडा अध्यक्ष |
| ८ | | श्री गोवर्धन घर्ती | ५ नं वडा अध्यक्ष |
| ९ | | श्री जुरमुखी रोका | कार्यपालिका सदस्य |
| १० | | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२ | | श्री धन कुमारी रोका | कार्यपालिका सदस्य |
| १३ | | श्री रामकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |

आमन्त्रित सदस्य

| क स | हस्ताक्षर | नामथर | पद |
|---|---|---|---|
| १ | | नर रावत | अधिकृत छैठौ |
| २ | | निर्धक रोका | का स |

**निर्णयहरु:**

निर्णय नं १ विद्यालय कर्मचारी र वालविकास सहजकर्ताको पारिश्रमिक रु ८,०००। मा रु ५,००० थप गरी रु १३,०००। बनाउने गरी अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २ यस थवाङ गाउँपालिकाको आ व २०७८।७९ कुल समानिकरण ७,२९,९३,००० मध्ये ३,१९,९३,०००।( तिन करोड उन्नाइस लाख त्रियानब्बे हजार ) तपशिल बमोजिमको क्षेत्रमा सिमा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल:

| क स | विवरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | १५ | |
| २ | सामाजिक क्षेत्र | २५ | |
| ३ | पूर्वाधार क्षेत्र | ४५ | |
| ४ | विपद व्यवस्थापन क्षेत्र | १० | |
| ५ | संस्थागत विकास तथा शुसासन | ५ | |

निर्णय नं.३ लघु तथा साना जलविधुत आयोजनाबाट विधुत उत्पादन शिर्षकको रु ४,००,०००। थवाङ गाउँपालिका अन्तर्गत छेर्लोवाङ जलविद्युत मर्मतमा (घर निर्माण) खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ आ व २०७७।७८ मा खेलकुद ग्रामको नाममा आएको बजेट थवाङ गाउँपालिका अन्तर्गत मीरुल टुटु बजारमा खेलकुद पूर्वाधार निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ थवाङ गाउँपालिकाको फोहोर मैलालाई व्यवस्थित गर्नको लागि थवाङ गाउँपालिका फोहोर मैला व्वस्थापन नियमावली २०७५ को परिच्छेद ७ बमोजिम तपशिल बमोजिमको थवाङ गाउँपालिका फोहोरमैला व्यवस्थापन समिति बनाउने निर्णय गरियो ।

तपशिल

| क स | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | रामकिरणी रोका | अध्यक्ष | गाउँपालिका उपाध्यक्ष |
| २ | रेवत बहादुर बुढाथोकी | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | रामकली वि क | सदस्य | वडा नं ३ मनोनित महिला सदस्य |
| ४ | वसन्त रोका | सदस्य | वडा न २ मनोनित गरिएको |
| ५ | जनक बहादुर बुढा | सदस्य | वडा न १ मनोनित गरिएको |
| ६ | हिरा प्रसाद बुढा | सदस्य | स्थानीय उद्योग तथा वाणिज्य क्षेत्रबाट |
| ७ | धपलाल पुन | सदस्य | स्थानीय समाजसेवी |
| ८ | नर रावत | सदस्य | योजना शाखा प्रमुख |
| ९ | तुल बहादुर पुन | सदस्य सचिव | सरसफाइ शाखा प्रमख |

निर्णय नं. ६ हाल सम्म थवाङ गाउँपालिका रोल्पा नेपाल सरकारको राजश्व छुट गरी स्वास्थ्य संस्थाको नाममा कुनै एम्बुलेन्स खरिद नगरेको हुँदा आ व २०७७।०७८ को स्वीकृत राजश्व बाँटफाँट संघीय सरकार नगद ३११२१ खर्च शिर्षकबाट सार्वजानिक खरिद एन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद प्रक्रिया गरी श्री जलजला अस्पताल तथा अनुसन्धान केन्द्र रोल्पालाई हस्तान्तरण गर्ने गरी राजश्व छुट सिफारिसको लागि लुम्विनि प्रदेश प्रादेशिक एकीकृत एम्बुलेन्स तथा पूर्व अस्पताल समितिमा भएको व्यवस्था बमोजिम लेखि पढाउने निर्णय गरियो ।

निर्णय नं.७ यस गाउँपालिकामा कोरोना भाइरस (कोभिड १९)को दोस्रो लहरको संक्रमण रोकथाम तथा नियन्त्रणमा को लागि प्रत्यक्ष रुपमा आइसोलेशन सेन्टर गाउँपालिकाको स्वास्थ्य शाखामा र सि आइ सि टि टिममा खटिने स्वास्थ्य कर्मीहरुलाई कर्मचारी तलब शिर्षकबाट दुइ महिना हाल खाईपाई आएको तलबको ५० प्रतिशतका दरले जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ बहुक्षेत्रिय पोषण कार्यक्रम अन्गार्गतका संशोधित कार्यक्रमलाइ अनुमोदन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner